## कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि, २०७८

कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग सम्बन्धी कार्यविधि, २०७६ को दफा ७ मा संशोधनः</u> कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ७ को उपदफा (१) को खण्ड (ग) मा रहेका "भौतिक पुर्वाधार विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

३. <u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u> मूल कार्यविधिको दफा ९ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) पहिलो किस्ताको रकम प्राप्त गरेको मितिले एक महिनाभित्र आवास निर्माण कार्य शुरु गरी चार महिनाभित्र त्यस्तो निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ।"

(२) उपदफा (४) मा रहेका "छ महिना" भन्ने शब्दहरुको सट्टा "दुई महिना" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (८) पछि देहायको उपदफा (८क) थपिएको छः-

"(८क) स्थानीय तह मार्फत् विपद् पीडित आवास निर्माण गर्दा आई परेका बाधा अवरोध सम्वन्धित स्थानीय तहबाट समाधान गरी प्रचलित कानून बमोजिम निर्माण कार्य सम्पन्न गर्नु वा गराउनु पर्नेछ।"

४. <u>मूल कार्यविधिको दफा ९क. थपः</u> मूल कार्यविधिको दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"९क. <u>प्रतिवेदन पेश गर्नु पर्नेः</u> सम्बन्धित स्थानीय तहले अन्तिम किस्ताको रकम भुक्तानी गरेको एक महिनाभित्र विपद् पीडित आवास निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

तर तोकेको जगगामा मापदण्ड बमोजिम आवास निर्माण कार्य नगरेमा सम्बन्धित स्थानीय तहले अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।"

५. <u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u> मूल कार्यविधिको दफा १३ मा रहेका "नियम २०७५" भन्ने शब्दहरुको सट्टा "कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव